कविता

# शहीद, म र प्रजातन्त्र

- मीन द्वन्द्वी
हाल सिड्नी, अष्ट्रेलिया
mbs59@uow.edu.au

उनी र म दुईजना
देशमा प्रजातन्त्र ल्याउन
सडकमा सँगै निस्केका थियौं
म सडकमा
मुट्ठी उज्याएर हिंडिरहेको थिएँ
उनमा अझ बढी जोश थियो
त्यसैले उनी आफ्ना दुबै हातमा
ईंटा-ढुंगा समेत बोकेर हिंडिरहेका थिए ।

हामी दुबैले आक्रोशपूर्वक
गगनभेदी नारा लगाइरहेका थियौं
त्यस्तैमा अचानक तातो गोली आएर
उनको छातीमा लाग्यो
मैले हेर्दाहेर्दै
"प्रजातन्त्र जिन्दावाद !" भन्दै
उनी सडकमा ढले
मेरै आँखा अगाडि उनी शहीद भए ।

उनी त निकै
भाग्यमानी साबित भए
यस्तो प्रजातन्त्र भोग्न
मलाई छोडेर उनी गए
अहिले कथित प्रजातन्त्रको नाममा
सोर न सुद्धीको बहुमतको नाममा
मलाई बलजफ्ती उभ्याइएको छ
मेरो आफ्नै हित बिरुद्धमा ।

"उलिनी मन" बाट